दुल्लू नगरपालिका

# स्थानीय राजपत्र

| खण्डः ७ | संख्याः ५ | २०८० साल वैशाख ११ गते |
|---|---|---|

## भागः २

दुल्लू नगरपालिका, नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# दुल्लू नगरपालिकाका विद्यालयहरुमा अक्षय कोष (स्थापना र सञ्चालन) सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना :** शिक्षा क्षेत्रको विकासबाट समाजको चेतना स्तरमा वृद्धिगरी समस्त आर्थिक क्षेत्रको विकास गर्न, आर्थिक रूपमा कमजोर तथा जेहेन्दार छात्र छात्रालाई प्रोत्साहित गर्न, विद्यालय छोड्ने दरलाई कम गर्नको लागि केहि रकम जम्मा गरि सामुदायिक विद्यालयहरूमा अक्षय कोष स्थापना गर्न वाञ्छनीय भएकोले, दुल्लू नगरपालिकाको शिक्षा ऐन, २०७६ को दफा ११७ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि बनाइएको छ ।

परिच्छेद- १

संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम "दुल्लू नगरपालिकाका विद्यालयहरुमा अक्षय कोष (स्थापना र सञ्चालन) सम्बन्धि कार्यविधि, २०८०" रहनेछ ।

ख) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ।

क) "नगरपालिका" भन्नाले दुल्लू नगरपालिकालाई सम्झनुपर्छ ।

ख) "नगर कार्यपालिका" भन्नाले दुल्लू नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

ग) "नगर कार्यपालिकाको कार्यालय" भन्नाले दुल्लू नगरपलिकाको नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

घ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

ङ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले दुल्लू नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयमा प्रचलित ऐन नियम बमोजिम गठन भएका विद्यालय व्यवस्थापन समितलाई सम्झनु पर्छ ।

च) "अभिभावक" भन्नाले सामुदायिक विद्यालयको विद्यार्थी भर्ना अभिलेखमा जनिएको व्यक्तिलाई सम्झनु पर्छ ।

छ) "शिक्षा युवा तथा खेलकुद शाखा" भन्नाले दुल्लू नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा रहेको शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनुपर्छ ।

ज) "शिक्षा अधिकृत" भन्नाले शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत शिक्षा अधिकृतलाई सम्झनु पर्छ ।

झ) "प्रधानाध्यापक" भन्नाले सामुदायिक विद्यालयको शैक्षिक एवम् प्रशासनिक काम गर्ने गरी तोकिएको शिक्षकलाई सम्झनु पर्छ ।

ञ) "प्राविधिक सहायक" भन्नाले शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत सहायक स्तरको कर्मचारीलाई सम्झनु पर्छ ।

ट) "कोष" भन्नाले दफा बमोजिम स्थापना हुने अक्षय कोषलाई सम्झनु पर्छ ।

## परिच्छेद- २

## कोष स्थापनाको उद्देश्य तथा कोष सञ्चालन

३. कोष स्थापनाको उद्देश्यः सामुदायिक विद्यालयमा स्थापना हुने अक्षय कोष स्थापनाको उद्देश्य देहायबमोजिम हुनेछन ।

१ सामुदायिक विद्यालयमा अध्ययनरत गरिब, दलित, विपन्न, सिमान्तकृत, जेहेन्दार विद्यार्थीहरूको शैक्षिक पहुँच कायम राख्नु,

२ सामुदायिक विद्यालयमा अध्ययन गरेका पूर्व विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका पूर्व पदाधिकारी, शिक्षक अभिभावक संघका पूर्व पदाधिकारी, शिक्षण गरेको पूर्व शिक्षक विद्यालयका शिक्षक एवं कर्मचारी तथा शिक्षा प्रेमी, समाजसेवी एवम् शुभचिन्तकहरुबाट स्वेच्छिक रूपमा प्राप्त रकम संकलन गरी अक्षयकोषको विस्तार गर्नु,

३ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि सरोकारवालाहरूलाई उत्प्रेरित गर्नु ।

४. कोष स्थापनाः सामुदायिक विद्यालयहरूले देहायबमोजिम अक्षय कोष स्थापना गर्न सक्नेछन ।

१ विद्यालय व्यवस्थापन समितिको निर्णय र नगरपालिकाको सिफारिश अनुसार नजिकैको राष्ट्रिय वाणिज्य बैंकमा अक्षय कोष सञ्चालनका लागि छुट्टै खाता सञ्चालन गर्नु पर्नेछ ।

२ दफा ३ को उपदफा २ बमोजिमका व्यक्तिहरूमध्येबाट संकलित रकम उपदफा १ बमोजिम सञ्चालन गरिएको बैंक खातामा जम्मा गर्नु पर्नेछ ।

५. कोषको सञ्चालन : (१) सामुदायिक विद्यालयमा स्थापना गरिएको अक्षय कोषको सञ्चालन तथ व्यवस्थापनका लागि देहायबमोजिम अक्षय कोष सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

क) अक्षय कोष संस्थापक वा निजको परिवारको व्यक्ति - अध्यक्ष

ख) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको एक जना सदस्य - सदस्य

ग) अक्षय कोष स्थापना गर्ने व्यक्तिहरूमध्येबाट एक महिला सहित ३ जना व्यक्ति - सदस्य

घ) अक्षय कोषमा रकम जम्मा गर्ने व्यक्तिहरूमध्येबाट एक जना - सदस्य

ङ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक वा निजले तोकोको लेखा सम्बन्धी काम गर्ने शिक्षक - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम समितिको कार्यकाल ५ वर्षको हुनेछ ।

(३) अक्षय कोष सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यको पद देहायको अवस्थामा रिक्त हुनेछ :

(क) मृत्यु भएमा ।

(ख) पदबाट राजीनाम दिएमा ।

(ग) अनैतिक आचरण, भ्रष्टाचारजन्य कसुरमा कसुरदार ठहरीएमा ।

(४) समितिको बैठक वर्षमा कम्तिमा दुईपटक अनिवार्य बस्नुपर्नेछ ।समितिका सदस्यहरूको ५१ प्रतिशत उपस्थितिलाई गणपुरक संख्या मानिनेछ ।

६. अक्षय कोष सञ्चालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन् ।

क) कोषको संरक्षण तथा संवर्धन गर्ने,

ख) कोषका संस्थापकहरू वृद्धि गर्ने प्रयत्न गर्ने,

ग) अक्षय कोषको मूल धनमा वृद्धि भएको अनुपातमा लाभग्राही विद्यार्थीहरूको संख्या तथा छात्रवृत्ति रकम वृद्धि गर्ने,

घ) अक्षय कोष छात्रवृत्तिको खाताहरूलाई नियमानुसार नविकरण गर्ने,

ङ) सार्वजनिक सुनुवाई तथा लेखापरीक्षण गर्ने गराउने ।

७. अक्षय कोषको खाता सञ्चालन : (१) समितिले आवश्यकता महशुस गरेमा अक्षय कोषका लागि मुद्दती र चल्ती खाता वा चल्ती खाता मात्रै सञ्चालन गर्न सक्नेछ ।

(२) यस कोषको खाता निम्नानुसारका व्यक्तिहरूको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

क) कोष सञ्चालक समितिका अध्यक्ष,

ख) कोष सञ्चालक समितिले तोकेको एक जना सदस्य

ग) कोष सञ्चालक समितिको सदस्य सचिव

८. अक्षय कोष सञ्चालक समितिका अध्यक्ष/सदस्य पदको उम्मेदवार हुन देहायबमोजिमका योग्यता हुनुपर्नेछ ।

(क) २१ वर्ष उमेर पूरा भएको ।

(ख) नेपाली नगरिक ।

(ग) कोषका संस्थापक निजका परिवारका सदस्य ।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको ।



**आज्ञाले**
**ज्ञानमणि नेपाल**
**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण मिति : २०८०/०१/११**